बैठक संख्या ८.

आज मिति २०६४ साल भाद्र १२ गते बिहिबारका दिन अर्जुनधारा नगरपालिका का नगरप्रमुख श्रीमान हरिकुमार शनाज्यूको अध्यक्षतामा नगर कार्यपालिका बैठक बसी देहाय बमोजिम छलफल एवं निर्णय गरियो।

उपस्थिती.

① ~~नगर~~ अध्यक्ष, -श्री हरिकुमार शना, नगरप्रमुख
② नगर उपप्रमुख -श्री कमला श्वतिवडा आचार्य, सदस्य
③ वडा अध्यक्ष (१), -श्री गजाधर श्वतिवडा, सदस्य
④ वडा अध्यक्ष (२): श्री रघुनाथ श्वनाल, सदस्य
⑤ वडा अध्यक्ष (३): श्री जीवकुमार भण्डारी, सदस्य
⑥ वडा अध्यक्ष (४): श्री दुर्गाप्रसाद दाहाल, सदस्य
⑦ वडा अध्यक्ष (५), -श्री ध्यान बहादुर भारती, सदस्य
⑧ वडा अध्यक्ष (६): श्री लोकनाथ गौतम, सदस्य
⑨ वडा अध्यक्ष (७), -श्री नवराम दुङ्गाना, सदस्य
⑩ वडा अध्यक्ष (८), -श्री गोपी-चन्द्र गौतम, सदस्य
⑪ वडा अध्यक्ष (९), -श्री पुष्पकुमार प्रसाई, सदस्य
⑫ वडा अध्यक्ष (१०), -श्री बलदेवसिंह गोम्देन तामाङ्ग, सदस्य
⑬ वडा अध्यक्ष (११), -श्री भैरवबहादुर श्वड़का, सदस्य
⑭ -श्री शारदा कुमारी भट्टराई, सदस्य
⑮ -श्री लक्ष्मी तामाङ्ग, सदस्य
⑯ -श्री हरिमाया भण्डारी, सदस्य
⑰ -श्री शकुन्तला बराल, सदस्य
⑱ -श्री दिलमाया शिवा, सदस्य
⑲ -श्री रिवनमान दर्जी, सदस्य
⑳ -श्री रमेशकुमार दर्जी, सदस्य -
㉑ -श्री दिलिप गुरुङ्ग, सदस्य
㉒ कार्यकारी अधिकृत -श्री राधाकृष्ण श्वतिवडा, सदस्य सचिव

निर्णय नं. १.

चालु आ.व. ०६४/०६५ मा अर्जुनधारा नगरपालिका अन्तर्गत सञ्चालन गरिने योजना तथा कार्यक्रम तयार गरी नगरसभामा पेश गर्ने प्रत्येक वडा कार्यालयहरुलाई रु. ६२,००,०००/- (बैंसठ्ठी लाख मात्र) बजेट सीमा तोकी आ आफ्ना वडामा सञ्चालन हुने योजना तथा कार्यक्रमहरु प्रस्तावसाथी नगर कार्यपालिका बैठकमा पेश गर्ने निर्देशन दिने निर्णय गरियो।

निर्णय नं.१

यस ~~नगर~~ अर्जुनधारा नगरपालिका क्षेत्र भित्र रहेका बजारहरुको व्यवस्थापन गर्नका लागि व्यवस्थापन समिति आवश्यक देखिएकाले यस नगरक्षेत्र भित्र पहिचान भएका बजारहरु वडा नं. ७ को, मंगलबारे बजार वडा नं. ३ को थुटुनाबारी बजार, वडा नं. ५ को ~~थुटुनाबा~~ बिहिबारे बजार, वडा नं. ८ को शनिश्चरे बजारको व्यवस्थापन समिति गठनका लागि सम्बन्धित वडा अध्यक्षको संयोजकत्वमा सम्बन्धित बजारका सरोकारवाला, उद्योगवाणिज्य संघ प्रतिनिधि, समाजसेवी समेतको सदस्यता रहेगरी र सम्बन्धित वडाका सचिव सदस्य सचिव रहेगरी व्यवस्थापन समिति गठन गर्न निर्देशन दिने निर्णय गरियो। साथै, वडा नं. ११ मा रहेको बसपार्क एवं बजार व्यवस्थापनका लागि सम्बन्धित वडाध्यक्षले समिति गर्न निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. २.

यस अर्जुनधारा नगरपालिकामा सञ्चालित स्थानिय शासन तथा सामाजिक परिचालन कार्यक्रम अन्तर्गत सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्दै आएको सहारा नेपाल, चारपाने झापाखेा को कार्यक्रम सञ्चालन गर्न २०७४ श्रावण १ गते बाट लागु हुनेगरी २०७४ कार्तिक मसान्त सम्मको करार सम्झौता नविकरण गर्न नगर कार्यपालिका कार्यालय लाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ४.

गएको श्रावण महिनामा आएको बाढीलाई नियन्त्रण गर्न विरिङ्ग, टाकटिङ्गमा नदिमा लगाइएको स्काभेटरको सञ्चालन खर्च बिल भरपाई एवं सम्बन्धित वडा अध्यक्षको सिफारिशमा अनुसार भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ५

कनकाई खेलकुद प्रतिष्ठानद्वारा आयोजना गरिने झापा जिल्ला दोश्रो नगर स्तरीय फुटबल प्रतियोगिता कनकाई कप २०७४ मा यस नगरपालिका बाट सहभागिता जनाउने खेलाडीहरुको पूर्वतयारी, सहभागिता ~~भुक्त~~ खर्च र सो प्रतिष्ठानलाई सहयोग बापत जम्मा रु. १,०५,०००/- (एकलाख पाँच हजार मात्र) खर्च गर्ने निर्णय गरियो।